**१९ औ नगरसभा**
**बैठक संख्याः- २, निर्णय नं. ३**
**प्यूठान नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को तपसिल अनुसारको चार(४) पृष्ठ लामो बजेट तथा कार्यक्रम १९ औ नगरसभाबाट सर्वसहमतिले स्वीकृत गर्ने निर्णय गरियो ।**

## प्युठान नगरपालिकाको १९औं नगरसभामा
## आ.व. २०८२/०८३ को लागि प्रस्तुत बजेट तथा कार्यक्रम

सभाध्यक्ष तया सभाका सदस्यज्यूहरु, नगरपालिकाको अर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम यस गरिमामय सभासमक्ष प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु। संघीय शासन प्रणाली र समाजवाद उन्मुख लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि विभिन्न समयमा भएका सम्पूर्ण राजनीतिक आन्दोलनहरुमा बलिदान गर्नुहुने सम्पूर्ण सहिदहरुप्रति उच्च सम्मान सहित भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहान्छु । साथै घाइते र अपांगहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । स्थानीय सरकार संचालन ऐन २०७४ को अनुच्छेद १ को दफा २४ को व्यवस्था र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४, नगरपालिकाले विगतमा तय गरेको नीति, कार्यनीति तथा चालु आर्थिक वर्षको वार्षिक योजना समेतको आधारमा प्यूठान नगरपालिकाले आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम तयार गरेको छु। योजना पद्धतिलाई सस्थागत र प्रभावकारी बनाउन आगामी आर्थिक वर्षमा नगरपालिकाले आवधिक तथा रणनीतिक योजनाहरु बनाई लागु गर्ने व्यवस्था गरेको छु। योजना तर्जुमा कार्यमा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष, उद्देश्य, समय सीमा र प्रक्रियासंग अनुकूल हुने गरी शुसासन, वातावरणमैत्री, वालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्वन्धित विपयलाई प्राथकिमताका क्षेत्रमा राखिएका बजेट समेत विनियोजन गरिएको छ ।

विगतको यथार्थता पुनरावलोकन गरी वर्तमान धरातलको विश्लेषणको आधारमा बस्तीस्तरका माग तथा आवश्यकताहरुको छनौट गरी वडा समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, लगायत नगरपालिकाको वैठकमा गहन छलफल गरी गरिमामय नगरसभा समक्ष आगामी आ व को बजेट नीति तथा कार्यक्रम तर्जुमा गरिएको व्यहोरा पुनरावृत्ति गराउन चाहन्छु ।

आ.व. २०८२/०८३ मा सघं सरकार, प्रदेश सरकार तथा प्राकृक्तिक श्रोत तथा वित्त आयोगबाट साविक भन्दा न्यून बजेट विनियोजन भए तापनि नगरपालिकालाई प्राप्त हुने सम्भाव्य श्रोत साधनहरुको समुचित तथा वैज्ञानिक तरीकाले परिचालन गरी आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद व्यवस्थापन र सुशासन तथा संस्थागत विकासका विषयगत कार्यक्रम तथा आयोजनाहरु तय गरिएको छ। तर्जुमा गरिएका नीति, सस्थागत कार्यक्रम तथा आयोजनाहरुको प्रभावकारी संचालनबाट जनताको जीवनस्तर माथि उठने अपेक्षा गरेको छु ।

अब म प्यूठान नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम यस गरिमामय नगर सभासमक्ष प्रस्तुत गर्दछु ।

**आ.व. २०८२/०८३ को यस प्यूठान नगरपालिकालाई प्राप्त आय व्ययको विवरण यस प्रकार छ**
**आयतर्फ**

**संघीय सरकारबाट प्राप्त अनुदान**
समानीकरण अनुदानतर्फ : १२,३१,००,०००
राजश्व बाँडफाँडः ११,०८,२६,०४०
समपुरक अनुदान २,४०,००,०००
विशेष अनुदान : ८५,००,०००
सशर्त अनुदानः ३,६३,८०,००००
**जम्माः ६३,०२,२६,०४०**

**प्रदेश सरकारवाट प्राप्त अनुदान**
समानीकरण अनुदान: ८४,०८,०००
सशर्त अनुदान : १,३०,००,०००
विशेष अनुदान: १८,००,०००
समपुरक अनुदान: १,२०,००,०००
प्रदेश राजश्व बाँडफाँड/सवारी साधन कर : १,३१,८३,०००
**जम्माः ४,८३,९१,०००**

**आन्तरिक श्रोत**
आन्तरिक आय: ५,७५,००,०००
अल्याः २,००,००,०००
**जम्माः ७,७५,००,०००**

**सामाजिक सुरक्षा भत्ता (अनुमानित) : १,८०,००,००००**
**कूल जम्मा आय: ९३,६१,१७,०४०**

नगर सभा सदस्यज्यूहरु, माथि उल्लेखित विभिन्न शिर्षक अन्तरगत प्राप्त भएको नगरपालिकाको कूल बजेट रु ९३,६१,१७,०४० प्रस्ताव गर्दछु र सोको बजेट व्ययको प्रक्षेपण तपसिल बमोजिम प्रस्ताव गर्दछु ।

**संघीय सरकारतर्फको ब्यय**

समपुरक अनुदान: २,४०,००,०००
विशेष अनुदान : ८५,००,०००
सशर्त अनुदान ३६,३८,००,०००
सामाजिक सुरक्षा भत्ता (अनुमानित) १८,००,००,०००

**प्रदेश सरकारतर्फको व्यय**

सशर्त अनुदान १,३०,००,०००
विशेष अनुदान : १८,००,०००
समपुरक अनुदान १,२०,००,०००
कुल व्यय : ६०,३१,००,०००

नगरसभा सदस्यज्यूहरु माथि उल्लेखित शीर्षकहरुमा विनियोजन गरिएका कार्यक्रमहरुबाट नगरपालिकामा संघ तथा प्रदेश सरकार र अन्य निकायबाट प्राप्त समपुरक योजना कार्यान्वयनको लागि जम्मा रु ३ करोड ६० लाख बजेट प्रस्ताव गरेको छु। जसबाट नगरपालिकाका जनता आवास कार्यक्रम, झोलुंगे पुल कार्यक्रम, खानेपानी तथा सरसफाई योजनाहरु, सडक बोर्ड, स्मार्ट सडक बत्ती लगायतका कार्यक्रमहरुमा उक्त रकम समपुरक कोषको रुपमा खर्च गर्न प्रस्ताव गरिएको छ।

मेयर उप-मेयर कार्यक्रम अन्तरगत प्यूठान नपा का १० वटै वडाका क्षेत्रहरु समेट्ने गरी पूर्वाधार, विपद् तथा वातावरण, सामाजिक उत्तरदायित्व, सामुदायिक सचेतना तथा सशक्तिकरण, प्रविधि हस्तान्तरण तथा आय आर्जनमा टेवा पुग्ने गरी कार्यक्रम सञ्चालन गर्नको लागि रु १ करोड प्रस्ताव गरेको छु।

नगरपालिकाको शिक्षाको गुणस्तर वृद्धि गर्न, शिक्षामा पूर्वाधारमा थप टेवा पुऱ्याउन शिक्षातर्फ रु. ४,७०,००००० (चार करोड सत्तरी लाख) प्रस्ताव गरेको छु। नगरवासीहरुमा स्वास्थ्य सेवामा थप पहुंच, विशेषज्ञ सहितको स्वास्यय शिविर, निःशुल्क रक्त सञ्चार सेवा र निःशुल्क ओपिडी दर्ता शुल्क, स्वास्थ्य संस्थाहरुको क्षमता विकास गरी स्वस्व नगरवासीको पहिचान दिने अभियानका साथ स्वास्थ्यतर्फ रु ७१ लाख ५० हजार प्रस्ताव गरेको छु। जसबाट "ज्येष्ठ नागरिक हेल्व स्किनिङ कार्यक्रम, निःशुल्क स्वास्थ्य सेवा, संस्थागत संरचनाको विकास र स्वास्थ्य सम्वन्धी सुदृढीकरण कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

आत्मनिर्भर उत्पादनमा जोड दिदै "युवासँग कृषि कार्यक्रम", आधुनिक कृषि खेती प्रणाली, प्रविधियुक्त खेती, किसानमैत्रिक कृषि कार्यक्रम, कृषि प्राविधिकहरुको पहुँच, क्षिजन्य रोग नियन्त्रण, उत्पादनमा आधारित अनुदान वितरण जस्ता कार्यक्रमहरु संचालन गर्नको लागि कृषितर्फ रु ७० लाख बजेट प्रस्ताव गरेको छ।

पशु क्षेत्रको पकेट क्षेत्र, व्यवसायिक पशुपालन, आत्मनिर्भरमुखी पशुपालन व्यवसायी, उन्नत खालका व्यवसायीहरुको प्रोत्साहन तया प्रवर्द्धन लगायत पशुपन्छी सम्वन्धी कार्यक्रम संचालन तया पशुजन्य रोग रोकथाम कार्यक्रमको लागि रु ४० लाख प्रस्ताव गरेको छु।

नगरपालिकाभित्रका पहिचान भएका वा पहिचान हुन बांकी जनजाति, दलित, महिला, विपन्न, अल्पसख्यकहरुको सकृय समन्वय तथा सहभागितामा आय आर्जन तथा ती वर्गहरुको आत्मनिर्भरमुखी कार्यक्रम संचालनका लागि आर्थिक विकास तथा लघु उद्यम गरी जम्मा रु. २५ लाख प्रस्ताव गरेको छु ।

नगरपालिकाभित्रका सम्पूर्ण महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गहरु लक्षित कार्यक्रम सचालनको लागि रु ३० लाख बजेट प्रस्ताव गरेको छु।

प्यूठान नगरपालिका क्षेत्रभित्र देखापर्ने वा पर्न सक्ने प्रकोप, बाढी पहिरो, आगलागी नियन्त्रण, महामारी नियन्त्रण जस्ता अत्यावश्यक प्रकोप व्यवस्थापन गर्नको लागी वातावरण तथा विपद व्यवस्थापन तर्फ रु ४५ लाख विनियोजन गरेको छु।

प्यूठान नगरपालिका सौन्दर्यकरण तथा फोहोरमैला व्यवस्थापनका लागि वातावरण तथा सरसफाई शाखातर्फ रु. १० लाख विनियोजनको प्रस्ताव गरेको छु।
कानून इकाइलाई थप प्रभावकारी गराउनको लागि रु १२ लाख विनियोजनको लागि प्रस्ताव गरेको छु।
नगरस्तरीय वडामा जाने योजना सचालनको लागि रु २ करोड २६ लाख प्रस्ताव गरेको छु ।
प्यूठान नगरपालिका बिजुवार, प्यूठान प्युठान नगरपालिकाका १० वटामा योजना तथा कार्यक्रम संचालनको लागि विकास बजेट जम्मा रु ३ करोड ७० लाख बजेट प्रस्ताव गरेको छु।
कर्मचारी कल्याणकोषतर्फ रु १० लाख विनियोजन गरेको छु ।
नगर सभा सदस्यज्यूहरु

सिंहदरबारको अधिकार गाउँ-गाउँमा भन्ने उद्देश्यका साथ स्थापना भएको स्थानीय सरकारमा प्राप्त हुने बजेट निकै अपर्याप्त भएको, साँच्चिकै नगरवासीका चाहानाहरुलाई सम्बोधन गर्न तया समृद्ध नगरपालिका निर्माण गर्नको लागि नपुग भएको सर्वविदितै छ । केन्द्र, प्रदेश सरकारहरुले स्थानीय तहहरुलाई उपलब्ध गराउन श्रोत र साधनहरु पर्याप्त छैनन्। सो को वाबजुद पनि प्राप्त सीमित श्रोत र साधनलाई अधिकतम उपयोगमुखी बनाउदै नगरपालिकाका समग्र क्षेत्रहरुलाइ समेट्दै बजेट तथा कार्यक्रम प्रस्तुत गरिएको छ। वडावासीका चाहनाहरुलाई वडा कार्यालयहरुबाट अधिकतम सम्बोधन गर्ने लक्ष्यका साथ वजेट विनियोजन गरिएको छ प्रस्तावित बजेट तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरी नगरपालिकाको समग्र विकास तथा उन्नति हासिल गर्नतर्फ सबै सरोकारवाला लाग्नुहुन हार्दिक अनुरोध गर्दै बजेट तथा कार्यक्रमका निर्माण गर्न सहयोग पुर्याउनु हुने कार्यपालिका सदस्यहरु, विषयगत समितिहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, रचनात्मक सल्लाह सुझाव दिनुहुने राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, निवर्तमान नगरप्रमुख उपप्रमुख एवं जनप्रतिनिधि ज्यूहरु, बुद्धिजिवी, पत्रकार तथा अन्य सरोकारवाला तथा कर्मचारीहरु सबैलाई विशेष धन्यवाद दिदै आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रममा सक्रिय सहभागिता, रचनात्मक सुझावसहित अनुमोदनको लागि प्रस्ताव गर्दछु ।
धन्यवाद ।

देवेन्द्र बर्मा
नगर उप-प्रमुख
प्यूठान नगरपालिका, प्यूठान
मिति: २०८२।०३।३२